## यस अ.दु.अ.आयोगबाट पुनराबेदन पत्र दायर गर्न बुझाएका मुद्दाका संक्षिप्त बिबरण :

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी मिति २०८१/०८/१७ गते (नेपाल सम्बत् ११४५,थिल्लाथ्व १ सोमबार) सर्वोच्च अदालतमा पुनरावेदन गर्न बुझाईएको मुद्दाको विवरण :-**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ओम प्रकाश लामिछानेसमेत (वि.अ. को( मुद्दा नं. ०७८-CR-०१०४वि.अ. को फैसला मिति २०८०।११।२७ | सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | नेपाल नागरिक समाज (सिस नेपाल) सुर्खेतका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक यामलाल घिमिरेले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट दिगो आय आर्जन व्यावसायिक अदुवा खेतिकोलागि तालिम, गोष्टि र अभिमुखिकरण कार्यक्रमकोलागि सरकारी रकम रु.३४,९९,०००।- अनुदान सम्झौता भएकोमा सो कार्यक्रम कार्यान्वयनको क्रममा निज प्रतिवादीहरुले नक्कली बिल भरपाई तयार गरी रु. १३,३७,०२०।–(तेह्र लाख सैतिस हजार वीस रुपैया मात्र) रकम खाई मास्ने उद्देश्य लिई सरकारी सम्पत्ति बदनियतपूर्वक | **१. फैसलाः**<br>विशेष अदालतबाट सबै प्रतिवादीहरु ओम प्रकाश लामिछाने र यामलाल घिमिरे लाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एबं आधारहरु :**<br>क)कुनै गैर-सरकारी संस्थाले कुनै सार्वजनिक संस्थासंग गरेको सम्झौताको शर्त विपरीत कार्य गरी गैरकानूनी लाभ लिएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिम कारबाहीको दायराभित्र पर्न सक्छ तर दफा १७ वमोजिमको कसूरमा कारवाही गर्न राष्ट्रसेवक नै देखिनु पर्छ।<br>ख)प्रतिवादीहरु ओम प्रकाश लामिछाने र यामलाल घिमिरे नेपाल नागरिक समाज (सिस नेपाल) को पदाधिकारी रहेको भन्ने वादी दाबी रही निज प्रतिवादीहरु राष्ट्रसेवक रहेको पुष्टि हुन नसकेको,<br>ग)सार्वजनिक संस्थासंग सम्झौता गरेको गैर-सरकारी सस्थाको कर्मचारीलाई सम्झौताको आधारमा मात्र राष्ट्रसेवकको हैसियत दिन मिल्दैन।<br>घ) यी प्रतिवादीहरु राष्ट्रसेवकको परिभाषाभित्र पर्ने नदेखिंदा निजहरु | क) नेपाल सरकारको पूर्ण स्वामित्व भएको निकाय, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट नेपाल नागरिक समाज (सिस नेपाल) ले दिगो आय आर्जनको लागि व्यवसायिक अदुवा उत्पादन तथा बजार व्यवस्थापन आयोजना संचालनकोलागि सम्झौता गरी सरकारी रकम रु.३४,९९,०००।-(चौतिस लाख उनान्सय हजार) अनुदान प्राप्त गरेको तथा उक्त आयोजना संचालनको क्रममा नक्कली विल भरपाई तयार गरी नेपाल नागरिक समाज(सिस नेपाल) सुर्खेत संस्थाका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक याम लाल घिमिरेले रु.१३,३७,०२०।- सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको तथ्य रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरु कार्यरत रहेको संस्था सार्वजनिक संस्था रहेको तथ्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग)मा परिभाषित सार्वजनिक संस्थाकोपरिभाषा भित्र परेकोतथ्य उक्त दफा २(ग)मा रहेको निम्न परिभाषाबाट प्रष्ट देखिन्छ।<br>(१) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,<br>(२) नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,<br>(३) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,<br>(४) नेपाल सरकारको ऋण अनुदान वा जमानतमा सचालित संस्था,<br>(५) उपखण्ड (१), (२) (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,<br>(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।<br>यसरी माथि उल्लेख भए अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को देहाय (ग) को उपखण्ड (५) अनुसार "उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थालाई" समेत सार्वजनिक संस्थाको परिभाषा भित्र परेको देखिंदा नेपाल नागरिक समाज (सिस नेपाल) संस्थाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको निकाय, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट अनुदान प्राप्त गरी सोही अनुदान रकमबाट आयोजना संचालन गरेकोमा विवाद छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) को उपखण्ड (५) बमोजिमको कानूनी व्यवस्थाको रोहबाट तथा सो संस्थाको कार्य प्रकृति समेतबाट नेपाल नागरिक समाज (सिस नेपाल) सार्वजनिक संस्था नै हो। त्यसैले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट अनुदान प्राप्त संस्था नेपाल नागरिक समाज (सिस नेपाल), सुर्खेत सार्वजनिक संस्था रहेको र उक्त अनुदान प्राप्त रकम संचालन गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हिनामिना गरी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरु ओम प्रकाश लामिछाने र यामलाल घिमिरे उपर बिगो रु. १३,३७,०२०।-(तेह लाख सैतिस हजार बिस रुपैया मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी पुऱ्याएको बिगो रु.१३,३७,०२०।-(तेह लाख सैतिस हजार बिस रुपैया ) निज प्रतिवादीहरुबाट असूल उपर हुन समेतको मागदावी लिइ | उपर भ्रष्टाचार निवारण ऐन. २०५९ को दफा १७ वमोजिको आरोपदावी पुग्न सक्ने नसक्ने । | नेपाल नागरिक समाज संस्थाका पदाधिकारीहरु तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक याम लाल घिमिरे समेत राष्ट्रसेवक रहेको तथ्य स्पष्ट छ। नेपाल नागरिक समाज (सिस नेपाल) को कार्य प्रकृति समेत अन्य सरकारी अनुदान प्राप्त नहुने विशुद्ध गैर सरकारी संस्थाको जस्तो हैसियतमा रहेको नदेखिएको र यस नेपाल नागरिक समाज (सिस नेपाल), सुर्खेत जस्ले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट सरकारी रकम अनुदान प्राप्त गरी सो निकायसंग सम्झौता गरी दिगो आय आर्जनको लागि व्यवसायिक अदुवा उत्पादन तथा बजार व्वस्थापन गर्ने र सो को लागि तालिम, गोष्ठी र अभिमुखिकरण जस्ता कार्यक्रम संचालनकोलागि राज्यको अनुदान रकम स्वीकार गरी खर्च गर्नुका साथै सो संस्थाका पदाधिकारी द्वय तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक यामलाल घिमिरेले बदनियतपूर्वक राज्यको अनुदान रकम लिई सम्झौता बमोजिमको कार्य नगरी नक्कली विल भरपाई तयार गरी विगो रु. १३,३७,०२०।- सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि भईरहेकोमा कुनै गैर-सरकारी संस्थाले कुनै सार्वजनिक संस्थासंग गरेको सम्झौताको शर्त विपरीत कार्य गरी गैरकानूनी लाभ लिएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिम कारबाहीको दायरा भित्र पर्न सक्छ तर दफा १७ वमोजिमको कसूरमा कारवाही गर्न राष्ट्रसेवक नै देखिनु पर्छ र प्रतिवादीहरुलाई राष्ट्रसेवकको परिभाषा भित्र पर्ने नदेखिंदा निजहरु उपर भ्रष्टाचार निवारण ऐन. २०५९ को दफा १७ वमोजिमको आरोप दावी पुग्न सक्ने देखिएन भनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को गलत ब्याख्या गरी भ्रष्टाचारजन्य कार्य गर्ने प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदर भागी रहेको देखिन्छ।<br>ख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ) अनुसार "राष्ट्रसेवक भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार वा सार्वजनिक संस्थासँग गरेको सम्झौता वा कवुलियत वा शर्त बमोजिम वा सार्वजनिक कर्तव्य पालन गर्नको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलव, भत्ता, पारश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति" समेतलाई समेटेको छ। राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष, नेपाल सरकार कृषि विकास मन्त्रालयले कार्य संचालन कोष ऐन, २०४३ अन्तर्गत गठन गरेको सार्वजनिक निकाय हो। यसरी सार्वजनिक निकायसंग सम्झौता गरी सरकारी रकम अनुदान प्राप्त गरी भ्रष्टाचार निवारण ऐन,२०५९ दफा २ को देहाय (ग) को उपखण्ड (५) अनुसार सार्वजनिक संस्थाकै हैसियत भएको सो संस्थाले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट अनुदान प्राप्त गरी अनुदान रकम कार्यान्वयन एवं परिचालन गर्ने उत्तरदायित्व रहेका सो संस्थाका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र तत्कालीन समाजिक परिचालक याम लाल घिमिरे राष्ट्रसेवक रहेको प्रष्ट छ।<br>यसरी नेपाल नागरिक समाज (सिस नेपाल) सुर्खेतका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक यामलाल घिमिरेले उक्त सरकारी अनुदान रकम परिचालन गर्दा राष्ट्रसेवकको हैसियतमा रहि नभए नगरेको कार्य गरे भएको भनि नक्कली विल भरपाई तयार गरी सरकारी रकम लिई गैरकानूनी कार्य गरेको र निज प्रतिवादीहरुको मिलेमतो, संलग्नतामा नक्कली बिल भरपाई तयार गरी रकम खाई मास्ने उद्देश्य लिई सरकारी सम्पत्ति बदनियतपूर्वक हिनामिना गरी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको प्रष्ट हुँदाहुदै सो दफाको अन्यथा ब्याख्या गरी भ्रष्टाचार जस्तो गम्भिर कसूरमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आरोपित यी प्रतिवादीहरुले गरेको कसूजन्य कार्यलाई वास्तविक र यथार्थ ढंगले मुल्याङ्कन नगरी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखियो।<br>ग) राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष नेपाल (NARDF), नेपाल सरकारको पूर्ण स्वामित्वको सरकारी निकाय र (सिस नेपाल),सुर्खेतबीच सुर्खेत जिल्लामा दिगो आय आर्जनको लागि व्यवसायिक अदुवा उत्पादन तथा वजार व्यवस्थापन गर्ने आयोजनाको रुपमा कार्य गरेको देखिएको र विभिन्न कृषक समूहलाई अदुवाको वीउ वितरण गरी उक्त वीउबाट अदुवा उत्पादन गरी अन्य कृषक समूहलाई अदुवाको वीउ पैंचो दिने र उक्त समूहले पनि अदुवा उत्पादन गरी वीउ अर्को समूहलाई पैंचो दिने कार्यको कार्यान्वयन गर्ने आयोजनाका लागि रु.३४,९९,०००/- कूल अनुदान पाउने गरी राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष र नेपाल नागरिक समाज(सिस नेपाल) बीच सम्झौता भएको र उक्त आयोजनाको अवधि २०७३ साल चैत्रदेखि २०७६ साल फाल्गुण मसान्तसम्म रहेको भन्ने देखिन्छ। अनुसन्धानका क्रममा संकलित मिसिल संलग्न उजुरी निवेदन, जिल्ला सुर्खेत अन्तर्गत (साविक गा.वि.स.हरु गढी, लेखगाउँ, कुनाथरी) हाल क्रमशः विरेन्द्रनगर नगरपालिका वडा नं.१४ र बराहताल गाउँपालिका वडा नं. ९ र १० मा दिगो आय आर्जनकोलागि व्यवसायिक अदुवा खेति गर्ने कृषि समुहहरुका कृषक सदस्यहरुले गरेको घटना विवरण मुचुल्का कागजहरु, नेपाल नागरिक समाज(सिस नेपाल) सुर्खेतको नाममा जारी भएका विभिन्न बिलहरुको बिल भेरीफिकेशन घटना विवरण कागजहरु, अदुवाको बिउ बिजन ढुवानी गर्ने चालकहरु विरेन्द्र कुँवर र हरि प्रसाद रावतले गरेको घटना विवरण कागज, अदुवाको बिउ बिजन खरिद गरिएको ढोरचौर कृषि सहकारी संस्था लिमिटेडका तत्कालिन अध्यक्ष कृष्ण बहादुर गिरीले गरेको घटना विवरण कागज, स्थलगत अनुगमन टोलीले पेश गरेको प्रतिवेदन, आन्तरिक राजश्व कार्यालय, विरेन्द्रनगर, सुर्खेतको पत्र, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पत्र, कृषि सुचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर समेतबाट प्राप्त विवरण लगतयतका मिसिल संलग्न तथ्यगत आधार प्रमाणहरुबाट दिगो आय आर्जनकोलागि व्यवसायिक अदुवा खेति आयोजनाको कार्यान्वयनका क्रममा नभए/नगरेको काम गरेको भनी सो सम्बन्धी झुट्टा विल भरपाई तयार गरी भुक्तानी समेत लिई रु.१३,३७,०२०/- बराबरको सरकारी सम्पत्ति बदनियतपूर्वक हानि नोक्सानी गरेको पुष्टि हुँदाहुदै मिसिल संलग्न सर्वत्र तथ्य प्रमाणहरुको मुल्याङ्कन नगरी विशेष अदालतबाट प्रतिवादीहरुलाई आरोपित कसूर अपराधबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण देखियो।<br>घ) मौकामा आफुहरुले गरेको कागज समर्थित हुने गरी प्रतिवेदक दिपेन्द्र कुमार खत्री, नव विहानी कृषि समूहका अध्यक्ष चक्र बहादुर मर्साङ्गी,राजपोखरी कृषि समूहको अध्यक्ष सविना बराल, विद्यापुर डेक्सटफ एण्ड फोटोकपि सेन्टरका संचालक मदन कुमार लामिछाने,अन्य मानिसहरु मणीराम कार्की, मोहन प्रसाद चालिसे, बसन्त फोटो एण्ड डिजिटल सर्भिसका संचालक केशर बहादुर थापा,पौडेल खाजा घरका संचालक प्रेम पौडेल, शिवगढीकृषि समूहका अध्यक्ष रमेश रोकाया, मिलन डिजिटल फोटो सेन्टरका संचालक मिनध्वोज खड्का, प्रतिवेदक कृष्णप्रसाद पौडेल,सागर कृषि समूह धुलेचौरको कृषक राजकुमारी बुढाथोकी, अदुवाको वीउ ढुवानी गर्ने मानिस हरि बहादुर रावत, जिल्ला सल्यान, ढोरचौर कृषि सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर गिरी,थकाली रेष्टुरेन्टका संचालक बचन कुमार सेरचन लगायतका बादी साक्षीहरु समेतले अदालतमा उपस्थित भइ बकपत्र गरेका छन्।यसैगरी वादीका अन्य साक्षी फुलमाया सुनारले मौकाको घटना विवरण कागज सनाखत गरी प्रति व्यक्ति ५० किलोको दरले अदुवाको वीउ वाड्नु भएको थियो ।वीउ राम्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नभएकोले मैले २० किलो मात्र लिएको थिएँ भनि बकपत्र गरेको र अर्का वादी साक्षी प्रेमराज सुवेदीले मौकाको कागज समर्थन र सनाखत गरी नेपाल सरकारको सहयोग, अनुदान,वा लगानी छ भने भ्रष्टाचार मुद्दा लाग्न सक्छ भनी  बकपत्र गरे समेतबाट यी प्रतिवादीहरुले आरोपदावी बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको मिसिल संलग्न सर्वत्र सबूद प्रमाणहरुबाट पुष्टि भईरहेकोमा भ्रष्टाचार जस्तो गम्भिर कसूरमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई अनदेखा गरी  प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखियो।<br>ङ) प्रस्तुत मुद्दामा राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (NARDF) र नेपाल नागरिक समाज(सिस नेपाल) वीच सुर्खेत जिल्लाको साविक कुनाथरी,लेखगाउँ र गढी गा.वि.स. हाल क्रमशःबिरेन्द्रनगर नगरपालिका वडा नं.१४ र बराहताल गाउँपालिका वडा नं.९ र १० मा दिगो आय आर्जनकोलागि व्यवसायिक अदुवा उत्पादन तथा बजार व्यवस्थापन आयोजना संचालनकोलागि रकम रु.३४,९९,०००।-(चौतिस लाख उनान्सय हजार) स्विकृत भई  मिति २०७३ चैत्रदेखि मिति २०७६ फागुन मसान्तसम्म कार्य सम्पन्न समयावधि तोकि सम्झौता भएकोमा उक्त आयोजना संचालनको क्रममा प्रतिवादीहरुले सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भनि उजुरी परी निज प्रतिवादीहरु उपर अनुसन्धान हुँदा  सरकारी निकाय राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष  (सार्वजनिक संस्था) बाट सम्झौता बमोजिम नेपाल नागरिक समाज (सिस नेपाल) लाई सुर्खेत जिल्लाको साविक कुनाथरी,लेखगाउँ र गढी गा.वि.स. मा दिगो आय आर्जनकोलागि व्यवसायिक अदुवा उत्पादन तथा बजार व्यवस्थापन आयोजना संचालनकोलागि अनुदानप्राप्त भएको र उक्त संस्थाको तर्फबाट अनुदान रकम संचालन गर्ने सो संस्थाका पदाधिकारीहरु नेपाल नागरिक समाज(सिस नेपाल) सुर्खेतका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सामाजिक परिचालक यामलाल घिमिरेले झुट्टा विल भरपाईहरु तयार गरी सरकारी अनुदान प्राप्त रकम रु.१३,३७,०२०।–(तेह लाख सैतिस हजार बिस रुपैया) सार्वजनिक सम्पत्ति हिनामिना गरेको मिसिल संलग्न तथ्यगत सबूद प्रमाणहरुबाट स्थापित भई भ्रष्टाचारजन्य कसूर गरेको स्पष्ट छ।<br>यसरी नेपाल सरकारको पूर्ण स्वामित्व भएको निकाय, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट नेपाल नागरिक समाज (सिस नेपाल) ले दिगो आय आर्जनकोलागि व्यवसायिक अदुवा उत्पादन तथा बजार व्यवस्थापन आयोजना संचालनकोलागि रकम रु.३४,९९,०००।-(चौतिस लाख उनान्सय हजार) अनुदान प्राप्त गरेकोमा सो अनुदान रकम मध्येको रु.१३,३७,०२०।-(तेह लाख सैतिस हजार बिस रुपैया) झुट्टा विल भरपाई तयार गरी भुक्तानि लिएको हुँदा निज प्रतिवादीहरुले सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको तथ्य मिसिल संलग्न सबूद प्रमाणहरुबाट स्थापित भएको छ। नेपाल नागरिक समाज (सिस नेपाल) सुर्खेतका तत्कालीन अध्यक्ष ओम प्रकाश लामिछाने र सो संस्थाका तत्कालीन सामाजिक परिचालक यामलाल घिमिरेले नेपाल सरकारको पूर्ण स्वामित्व भएको निकाय, राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट प्राप्त अनुदान रकम संचालन गरेकोले सार्वजनिक संस्थामा कार्यरत पदाधिकारीहरु भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २(घ)(१) को कानूनी व्यवस्था बमोजिम राष्ट्रसेवक भएको प्रष्ट भएकोले निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा व्यवस्था भए बमोजिमको कसूर गरेको स्थापित भई सोही बमोजिम ऐ. ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम  सजाय गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी पुऱ्याएको बिगो रु.१३,३७,०२०।–(तेह लाख सैतिस हजार बिस रुपैया ) निज प्रतिवादीहरुबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | असूल उपर हुन समेतको मागदावी लिइ आरोप पत्र पेश भएकोमा भ्रष्टाचार जस्तो गम्भिर कसूर अपराधको सम्वन्धमा प्रतिवादीहरुले गरेको कसूर एवं मुद्दाको तथ्य तर्फ न्यायिक विश्लेषण र विवेचना नगरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा भएको कानूनी व्यवस्थाको गलत व्याख्या गरी प्रतिवादीहरुलाई आरोपित कसूर अपराधबाट सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको देखियो।<br>अतः माथि विवेचित आधार कारणहरुबाट प्रतिवादीहरु ओम प्रकाश लामिछाने र यामलाल घिमिरेलाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उक्त त्रुटिपूर्ण देखिदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी पाउन श्री सर्वोच्च अदालत समक्ष मुद्दा दर्ता गरिएको । |